मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

# कृषक पाठशाला सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना:** किसानहरुको घर घरमा गई आधुनिक कृषि प्रविधि सम्बन्धी जानकारी गराउन धेरै कृषि प्राविधिकहरुको आवश्यकता पर्ने हुँदा किसानहरुलाई स्थानीय स्तरमा उनीहरुकै खेतबारीमा बाली अवधिभर बाली उत्पादन सँग सम्बन्धित समस्याहरुमा केन्द्रित भई सहभागितात्मक खोज र प्रयोगका आधारमा बाली उत्पादनका नवीनतम प्रविधिहरु अभ्यास गर्ने थलो नै कृषक पाठशाला हो। कृषि प्रविधि किसान समक्ष पुर्‍याउन प्रदेश सरकारको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप प्रदेश कृषि विकास ऐन, २०८१ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधि को नाम "कृषक पाठशाला सञ्चालन प्राविधिक मापदण्ड तथा कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(१) **"श्रोत व्यक्ति"** भन्नाले एकबाली अवधिको कृषक पाठशाला प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त प्रदेश सरकारको अधिकृतस्तर वा सहायकस्तर कृषि प्राविधिक कर्मचारी वा कृषक सहजकर्ता सम्झनु पर्दछ।

(२) **"कृषक सहजकर्ता"** भन्नाले एकबाली अवधिको कृषक पाठशाला प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त कृषकलाई बुझ्नुपर्दछ ।

(३) **"कृषक पाठशाला"** भन्नाले २५ देखि ३० जना कृषकहरुको समुह वा कृषि सहकारीमा आवद्ध समुह हो जसलाई कक्षा भित्र पठन पाठन गराउनुको साथै खेतमा व्यवहारिक, प्रयोगात्मक र खोजपुर्ण तरिकाहरु अपनाई बाली अवधिभर नियमित रुपले बाली वातावरण प्रणालीको अवलोकन, विश्लेषण र समुह छलफलको आधारमा कृषकहरु आफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरुको समाधान गर्न सक्ने गरी दक्ष र आत्मनिर्भर बनाउने स्थान बुझ्नुपर्दछ।

(४) **"केन्द्र"** भन्नाले जिल्ला स्थित कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ।

(५) **"निर्देशनालय"** भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्दछ।

डा. संजय कुमार यादव
प्रदेश सचिव

CamScanner

(६) **"पुनर्ताजगी तालिम"** भन्नाले कृषक पाठशाला कार्यक्रममा सहभागी भइसकेका कृषकहरुको माग र आवश्यकता अनुसार कृषक पाठशालामा सिकाइने विषयवस्तु सम्बन्धित पुनः दिइने तालिम सम्झनु पर्दछ।

(७) **"मन्त्रालय"** भन्नाले मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ।

३. कार्यक्रम संचालनको उद्देश्यः (१) कृषक पाठशाला कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) प्रमाणित उन्नत प्रविधिहरु स्थलगत रुपमा कृषि प्राविधिकहरुले प्रयोग गराइ सहभागितात्मक कृषि प्रसारको माध्यमबाट किसानहरुमा प्रवाह गर्ने।

(ख) कृषि प्राविधिकबाट कृषकहरुमा नै अति आवश्यक जानकारी तथा बाली सम्बन्धित विशेष विषयवस्तुमा चेतना जगाई ज्ञान र प्रविधि हस्तान्तरणमा कृषक स्वयंलाई सहभागि गराई कृषकहरुको क्षमता विकास मार्फत कृषि उत्पादनमा वृद्धि ल्याउने।

(ग) कृषकले आफ्ना खेतबारीमा आएका प्राविधिक समस्या बुझ्न तथा समाधान गर्न सक्षम हुने।

(घ) विषादीको जथाभावी प्रयोगलाई निरुत्साहित गर्ने।

## परिच्छेद - २
## पाठशाला सञ्चालन प्रक्रिया

४. कृषक समुह र पाठशालाको स्थान छनौट प्रक्रियाः (१) यो कार्यक्रम देहाय अनुसार संचालन गरिने छ।

(क) कृषक पाठशाला कार्यक्रमको सञ्चालन केन्द्रले कृषक पाठशाला श्रोत व्यक्ति मार्फत गर्नेछ ।

(ख) केन्द्रबाट प्रविधि ग्रहणको स्तर, विषादी प्रयोग स्थिति, कृषकहरुको साँगठनिक अवस्था, कृषि सहकारी तथा कृषक समूह को अवस्था र चेतना स्तर आदिलाई मध्यनजर गर्दै कार्यक्रम कृषक पाठशाला संचालन गर्ने स्थान, कृषक समूह वा कृषि सहकारीहरु छनौट गरिनेछ। विगतका वर्षहरुमा कृषक पाठशाला सञ्चालन नभएका कृषक समुह तथा सहकारीहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

(ग) कृषक पाठशाला सञ्चालन गर्नु अगाडी कृषक पाठशाला सहजकर्ता (Field School Facilitator) ले सो सम्बन्धी प्रसार वा जानकारी गराउनलाई पाठशाला संचालन गर्ने स्थलमा गई त्यस क्षेत्रमा रहेका कृषक वा समुहको समेत सहभागिता हुने गरी २५ देखि ३० जनाको कृषक समूह छनौट गर्न कम्तीमा २ पटक अन्तरक्रिया गोष्ठी गर्नु पर्नेछ।

(घ) कृषक पाठशाला एकीकृत शत्रुजीव व्यवस्थापन, बाली उत्पादन सम्बन्धी नवीन प्रविधिहरु समावेश गरी विविध विषयहरुमा केन्द्रित भई संचालन गर्नुपर्ने छ।

डा. संजय कुमार यादव
प्रदेश सचिव

(ङ) सम्भव भएसम्म समावेशिताको सिद्धान्तको आधारमा कृषकहरुलाई छनौट गर्ने।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

५. **समुह छनौट पश्चात पाठशाला सञ्चालन प्रक्रिया:** (१) समुह छनौट पश्चात कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) कुनै बालीको बाली अवधिभर कृषक समुहले निर्धारण गरेको हप्ताको एक दिन (सम्भव भएसम्म शुक्रबार) बिहानी सत्रमा अध्ययन तथा तालिम संचालन गर्नु पर्नेछ। सो दिन प्रथम कक्षामा नियमित तालिम प्रदान गर्ने र दोस्रो कक्षामा विशेष कक्षा सञ्चालन गर्नु पर्नेछ।

(ख) छनौट गरिएको स्थानमा तुलनात्मक अध्ययन (कृषक तरिका र आ.ई.पि.एम. तरिका) तथा सहायक परिक्षणहरु संचालन गर्न क्षेत्रफलको निर्धारण गर्नु पर्नेछ।

(ग) कृषक सहजकर्ताले दैनिक पाठयोजना तयार गरी त्यही अनुसार प्रत्येक हप्ताको एक दिन तालिम कक्षा (सैद्धान्तिक र व्यवहारिक) सञ्चालन गर्नुपर्नेछ र कृषकहरुद्वारा कृषि वातावरण प्रणाली विश्लेषण फारम तथ्याङ्क संकलन गर्न लगाउनु पर्छ। सो तथ्याङ्क विश्लेषण र छलफलबाट आएका निर्णयहरुको कार्यान्वयन तालिम लिने कृषकहरुबाट नै गराउन पर्नेछ र तालिम कक्षा सञ्चालन हुने दिन पाठशालामा हप्ताभरी कृषकहरुद्वारा विभिन्न परिक्षणहरुमा गरिएको कृषि कार्यहरुबारे जानकारी गराउनु पर्नेछ।

(घ) कृषि वातावरण प्रणाली विश्लेषण र विभिन्न नवीनतम प्रविधिहरुको प्रयोगबाट आएका तथ्याङ्कहरुको विश्लेषण र छलफलबाट आएका निर्णयहरु केन्द्रमा प्रस्तुत गर्नु पर्नेछ।

(ङ) हरेक बालीमा बाली नभित्र्याउदै अन्य कृषकहरुलाई यस बाली सम्बन्धी प्रविधिको विस्तार गर्ने उद्देश्य राखि आमन्त्रित पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थल भ्रमण, स्टल निरिक्षण, सांस्कृतिक कार्यक्रम गरी कृषक दिवस मनाउने। उक्त कृषक दिवसमा कृषक पाठशालामा सहभागि कृषकहरुलाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह संचालन गर्ने।

(च) बालीको एक चक्र पूरा गर्नु पर्नेछ र सो बालीको उत्पादनबाट आएका सम्पूर्ण तथ्याङ्कहरुको एकीकृत व्यवस्थापन गर्नु पर्नेछ।

Smriti

डा. संजीव कुमार यादव
प्रदेश सचिव

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश सरकार
जनकपुरधाम, धनुषा, नेपाल

## परिच्छेद - ३

## आर्थिक पक्ष

६. **आर्थिक पक्षः** (१) कृषक पाठशाला सञ्चालनको आर्थिक मापदण्ड तपशिल बमोजिम रहने छ।

| क्र.सं. | क्रियाकलाप | संख्या/पटक | दिन/हप्ता | दर (रु.) | जम्मा खर्च (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गोष्ठी/तयारी बैठक/पाठशाला सञ्चालन | | | | | |
| १.१ | खाजा खर्च | ३० | १५ | १०० | ४५,००० | |
| १.२ | मसलन्द (खैरो कागज, मार्कर, मेटाकार्ड, कलर पेन, स्केल, प्रमाणपत्र, आदि) | २५ | अवधिभर | | १०००० | |
| | जम्मा | | | | ५५००० | |
| २ | पाठशाला सामाग्री (बीउ, मल-कोकोपिट/भर्मिकम्पोष्ट/ट्राइकोडर्मा, ट्रे, विषादी, लेन्स, सिकेचर, हजारी, स्प्रेयर, थाक्रो दिने सामाग्री, स्वीप नेट, किराको अध्ययन सामाग्री- प्लाष्टिक, रबर, केमिकल्स, गमला, ग्रो ब्याग, नेट आदि र सुरक्षण सामाग्री- पि.पि.ई., स्यानिटाइजर, मास्क, गलोब्स, आदि) | १ | अवधिभर | | १५००० | |
| ३ | कृषक दिवस (खाजा तथा व्यवस्थापन) | | १ | | २५००० | |
| | जम्मा | | | | ९५००० | |
| ४ | कृषक पाठशाला सहजकर्ता (प्रशिक्षण र कार्यपत्र बापत ) | २ | १६ | १४०० | ४४८०० | |
| ५ | श्रोत व्यक्ति | १ | ५ | १४०० | ७००० | |
| ६ | विविध | १ | १ | ३००० | ३००० | |
| | कुल जम्मा | | | | १४९,८०० | |

डा. संजय कुमार यादव
प्रदेश सचिव

CamScanner

•विशेष वालीहरुमा जस्तै आलु, अदुवा र बेसारमा कृषक पाठशाला सञ्चालन गर्दा बीउको निम्ति छुट्टै रु. ३००० रकम थप हुनेछ।

## परिच्छेद - ४

## विविध

७. **अनुगमन तथा मुल्याङ्कन:** (१) मन्त्रालय तथा निर्देशनालय बाट आवश्यकता अनुसार पाठशालाको अनुगमन मुल्याङ्कन गर्न सकिनेछ।

८. **प्रतिवेदन:** (१) कृषक पाठशाला सञ्चालन पश्चात श्रोत व्यक्तिले ज्ञान केन्द्रमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

९. **कृषक पाठशाला पुस्तिका:** (१) कृषक पाठशाला कार्यक्रमलाई थप व्यवस्थित गर्न मन्त्रालय वा निर्देशनालयले कृषक पाठशाला पुस्तिका प्रकाशन गर्न सक्नेछ।

१०. **पुनर्ताजगी तालिम:** (१) कृषकहरुको माग वा आवश्यकता अनुसार पुनर्ताजगी तालिम राख्न सकिनेछ।

१३. **संशोधन:** (१) यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ।

Smriti

डा. संजय कुमार यादव
प्रदेश सचिव